मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : २६४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ साउन २५ गते बुधवार (Wednesday, August 10. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

**विज्ञापन आचारसंहिताको पालना गरौं ।**

- विज्ञापन क्षेत्रलाई स्वच्छ, पारदर्शी, मर्यादित र प्रतिस्पर्धी बनाउन विज्ञापन आचारसंहिता जारी भएको छ ।
- विज्ञापन आचारसंहिता विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमलाई लागू हुन्छ ।
- विज्ञापन आचारसंहिता पालना गरौं र गराऔं ।

**विज्ञापन व्यवसायलाई स्वच्छ र मर्यादित बनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

सांसदहरुको माग

# प्रत्यक्षतर्फ ५०% महिला उम्मेदवार हुनुपर्छ

**काठमाडौं, साउन २३।** सांसदहरुले आगामी प्रदेश तथा संघीय निर्वाचनमा प्रत्यक्षतर्फ ५० प्रतिशत महिला उम्मेदवारीको सुनिश्चितता हुनुपर्नेमा जोड दिएका छन् ।

प्रतिनिधिसभाको मंगलवारको बैठकमा प्रस्तुत भएको आगामी निर्वाचनमा समानुपातिक समावेशी सहभागिताको सुनिश्चितता गराउने विषयको जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथिको छलफलमा बोल्दै उनीहरुले संविधानले सम्बोधन गरेको समानुपातिक समावेशी सहभागिताको सुनिश्चितता हुनुपर्ने बताएका हुन् ।

सांसद लक्ष्मी परियारले संविधानले व्यवस्था गरेको राज्यका हरेक निकायमा महिलालाई समानुपातिक समावेशी सहभागितालाई व्यावहारिक कार्यान्वयन गराउन निर्वाचनका दुवै प्रणालीमा ५० प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्ने धारणा राखिन् । उनले प्रत्यक्ष निर्वाचन र समानुपातिक निर्वाचन प्रणालीमा महिला र पुरुष दुवैको समान प्रतिनिधित्व हुनुपर्नेमा जोड दिइन् ।

सांसद लक्ष्मीकुमारी चौधरीले आगामी प्रदेश तथा संघीय निर्वाचनमा समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चित गर्दै प्रत्यक्षतर्फ महिलाको सहभागिता बढाउन ध्यानाकर्षण गराइन् । सांसद चन्दा चौधरीले राजनीतिक दलले विभिन्न निर्वाचनमा महिलाको कम प्रतिनिधित्व गराउने गरेको बताउँदै अब हुने निर्वाचनमा प्रत्यक्षतर्फ कम्तीमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गराउन माग गरिन् ।

सांसद रेखा शर्माले संविधानमा महिला सहभागिताको बाध्यकारी व्यवस्था हुँदाहुँदै पनि व्यवहारमा कार्यान्वयनका लागि दलहरु उदासीन रहेको बताइन् । सांसद रङ्गमती शाहीले महिला समावेशिताको मुद्दामा राजनीतिक दलहरुको व्यवहार विभेदकारी



देखिएको बताइन् । सांसदहरु विनादेवी बुढाथोकी, लीलादेवी सिटौला, यशोदा गुरुङ सुवेदी, रेणुका गुरुङ, प्रमिला राई र पार्वतीकुमारी बिसङ्खेले आगामी निर्वाचनमा महिला र पुरुषलाई समान सहभागिता गराइनुपर्नेमा जोड दिइन् ।

यसैबीच निर्वाचन आयोगले यसअघि अपनाइएका असल अभ्यासलाई आत्मसात गरी बढीभन्दा बढी जनताको सहभागितामा निष्पक्ष, विश्वसनीय, मितव्ययी र भयरहीत ढङ्गबाट आमनिर्वाचन सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । आयोगद्वारा मंगलवार आयोजित स्थानीय तह निर्वाचन, २०७९ निर्वाचन प्रचारप्रसार तथा मतदाता शिक्षा कार्यक्रमको प्रगति समीक्षा गर्नेक्रममा आयोगले निर्वाचनका क्रममा यसअघि प्राप्त राय सुझाव, प्रतिक्रिया र असल अभ्यासलाई समेटेर ऐतिहासिक रूपमा निर्वाचन सफल बनाउने दृढता व्यक्त गरेको हो ।

आयोगले गत स्थानीय तहको निर्वाचनमा दुर्गम गाउँबस्तीका अशिक्षित जनताको तुलनामा शहरी क्षेत्रका शिक्षित जनताबाट मतदान कम भएकोमा चिन्ता व्यक्त गर्दै त्यसतर्फ जिम्मेवार आमसञ्चार माध्यमको ध्यान जानुपर्नेमा जोड दिएको छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले समयावधि कम भएकाले गत स्थानीय तहको निर्वाचनमा सोचेजति काम गर्न नसकिएको स्पष्ट गर्दै यसअघिका राम्रा पक्षलाई समेत समेटेर आगामी मंसीर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सरल, सहज र मितव्ययी ढङ्गबाट सम्पन्न गर्ने दृढता व्यक्त गरे ।

उनले भने- निर्वाचनको सर्वमान्य सिद्धान्त अवलम्बन गरी सबैलाई समान व्यवहार गर्ने गरी काम कारवाही हुनेछ । बढीभन्दा बढी जनताको सहभागितमा स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गर्न प्रतिबद्ध आयोगले सम्बद्ध सबै पक्षबाट सहयोगको अपेक्षा गरेको छ ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले आमसञ्चार माध्यमसहित राज्यका जिम्मेवार सबै निकायसँग साझेदारी र सहकार्य गरी आसन्न आमनिर्वाचन सम्पन्न गर्ने पक्षमा आयोग रहेको स्पष्ट गरे । निर्वाचन प्रचारप्रसारका क्रममा राज्यद्वारा सञ्चालित आमसञ्चार माध्यमको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै उनले आफ्नो स्रोतसाधनको अधिकतम् सदुपयोग गरी निर्वाचन प्रक्रियामा सरिक हुन सम्बद्ध सबैसँग अनुरोध गरे ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले राष्ट्रिय समाचार समिति (रासस), गोरखापत्र संस्थान, रेडियो नेपालजस्ता सार्वजनिक

*(बाँकी अन्तिम पृष्ठमा)*

# बिचार नमिल्ने दलसँग गठबन्धन हुँदैन: नेम्बाङ

**पाँचथर, साउन २४।** नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले वर्तमान सरकारले नागरिकका समस्यामा ध्यान दिन नसकेको आरोप लगाएका छन् ।

पाँचथरको फिदिममा मंगलवार प्रेस चौतारी पाँचथरले गरेको पत्रकार सम्मेलनमा उनले यस्तो आरोप लगाएका हुन् ।

आगामी मंसीर ४ गते प्रदेश र सङ्घीय निर्वाचनमा विचार नमिल्ने दल वा समूहसँग एमालेले गठबन्धन या तालमेल नगर्ने नेम्वाङले बताए । एमालेले राप्रपा वा अन्य साना दलसँग मिलेर सत्तारूढ गठबन्धनसँग चुनाव लड्ने चर्चा चलेको भए पनि त्यसका



लागि गृहकार्य र वार्ता शुरु नभएको उनको भनाइ थियो ।

नेता नेम्वाङले वर्तमान सरकारका कमी-कमजोरी र विगतमा एमाले नेतृत्वको सरकारले गरेका राम्रा कामहरूलाई एजेन्डा बनाएर एमाले चुनावमा जाने बताए ।

त्यसैगरी सो कार्यक्रममा एमालेका अर्का नेता योगेश भट्टराईले देशको आर्थिक स्थिति कमजोर बन्दै गएको भन्दै यसप्रति सरकारले ध्यान दिनुपर्ने बताए ।

# देवीहाटका व्यवसायीलाई बिद्युत् सेवा

**झापा, साउन २४।** झापाको बिर्तामोडस्थित बुधवारे देवीहाट बजारका व्यवसायील बिद्युत् सेवा पाएका छन् ।

बिर्तामोड नगरपालिकाको सहयोगमा दुई थान विद्युत् मिटर उपलब्ध भएसँगै त्यहाँ रहेका ११० व्यवसायीले विद्युत् सेवा उपभोग गर्न पाएका हुन् । यसअघि सो ठाउँका व्यवसायी विद्युत् प्रयोग गर्नबाट बञ्चित थिए ।

लामो समयसम्म विद्युत् सेवा नपाएका त्यहाँका व्यवसायीले केही समय अघि विर्तामोड नगरपालिकासंग बाणिज्य संघको अगुवाईमा आफ्ना माग राखेका थिए । संघका वरिष्ठ उपाधयक्ष राजु न्यौपानेको अगुवाईमा नगरपालिकासंग विद्युत् मिटर उपलब्ध गराउनुपर्ने मागसहित त्यहाँका व्यवसायी नगरपालिका गएका थिए ।

नगरपालिकाको सहयोगमा नेपाल विद्युत्




प्राधिकरण अनारमनीले विद्युत् मिटर उपलब्ध गराएसँगै बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटीले विद्युत् सेवाको उद्घाटन गरेका थिए ।

बुधवारे देवीहाट बजार व्यवस्थापन समितिका अध्यक्ष उमेश अग्रवालको अध्यक्षतामा आयोजित कार्यक्रमकाबीच विद्युत् सेवा शुभारम्भको घोषणा गरिएको थियो । सो समारोहमा बिर्तामोड उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कुमार भट्टराई, पेस्किला अधिकारी लगायतले बोलेका थिए । व्यवसायी गरिमा राईले कार्यक्रमको स्वागत गरेकी थिइन् ।

# अर्जुनधारामा विश्व आदिवासी दिवस




**अर्जुनधारा, साउन २४।** २८औं विश्व आदिवासी दिवसको सन्दर्भमा नेपाल आदिवासी जनजाति महासंघ नगर समन्वय परिषद् अर्जुनधाराले मंगलबार विविध कार्यक्रम गरी मनाएको छ ।

अर्जुनधारा-८स्थित आदिवासी-दलित-महिला सामुदायिक भवनमा परिषद्का अध्यक्ष जगत राना मगरको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको उद्घाटन प्रमुख अतिथि परिषद् झापाका अध्यक्ष भरतकुमार श्रेष्ठले गरेका थिए ।

उपाध्यक्ष कर्ण तामाङले स्वागत मन्तव्यसहित दिवसको औचित्य र महत्व बारे कार्यपत्र प्रस्तुत गरेको कार्यक्रममा विभिन्न जातिका नृत्यहरु प्रस्तुत गरिएको थियो । सोही कार्यक्रमको अवसरमा गत बैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा अर्जुनधारा नगरपालिकामा आदिवासी समुदायबाट नवनिर्वाचित १६ जना जनप्रतिनिधिलाई स्वागत तथा सम्मान गरिएको थियो ।

यसरी सम्मानित हुनेहरुमा नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङ, अर्जुनधारा-२ वडा समितिका वडाध्यक्ष नरेन्द्रकुमार श्रेष्ठ, अर्जुनधारा-११ वडा समितिका वडाध्यक्ष खगेन्द्र इङ्नाम र नगर सभा सदस्यहरु मदनकुमार लिमेल मगर, बलबहादुर समाल मगर, शर्मिला सुब्बा लिम्बू, चन्द्रमाया तामाङ, सुमनकुमारी राई, जीतबहादुर लिम्बू, चन्द्रकुमारी तामाङ, भीम राई, देवकुमार राई, मनोजकुमार थापा मगर, बुद्धिमान लिम्बू, रुपेश लिम्बू र पूर्णबहादुर राई रहेका छन् ।

कार्यक्रममा प्रदेश नं. १का सांसद् वृखबहादुर प्रधान, नगर प्रमुख तामाङ, निवर्तमान प्रमुख हरिकुमार राना, झापा जिल्ला फुटबल संघका अध्यक्ष भगीरथ आले मामा, नेपाली कांग्रेस नगर समितिका सचिव इन्दिवर खड्का

*(बाँकी अन्तिम पृष्ठमा)*

# रक्षाबन्धन, जनैपूर्णिमा र गाईजात्रा साउन २७ गते

**काठमाडौँ साउन २४।** नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको रक्षाबन्धन, जनैपूर्णिमा र गाईजात्रा साउन २७ गते शुक्रबार एकैदिन मनाउनुपर्ने निर्णय गरेको छ ।

नेपालीहरूको धर्म, संस्कृति मूल्य, मान्यता र परम्पराको संवाहक र निर्देशक

*(बाँकी अन्तिम पृष्ठमा)*

**कर्मचारी आवश्यकता**

**यस शिवशक्ति बचत तथा ऋण सहकारी संस्था लि.लाई निम्न अनुसारका कर्मचारी आवश्यकता परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।**

**पदः बजार प्रतिनिधि**
**संख्याः १० जना**
**योग्यताः एसएलसी, अनुभवीलाई प्राथमिकता**
**तलबः आकर्षक**
**सम्पर्कः ९८५२६७१३४२, ९८०५४६१६१२**

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३–५९०१६६,**
**दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र**
**अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।**
***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।***

# जबरजस्ती करणी गरेको आरोपमा पक्राउ

**संखुवासभा, साउन २४।** १९ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा चैनपुर नगरपालिका-९ पिलुखोला बस्ने २१ वर्षीय दीपक शेर्पालाई प्रहरीले पक्राउ गरेको छ ।

मादी नगरपालिका-६ पुलुङस्थित सामुदायिक जंगलमा दीपकले ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट पिलुवाखोलाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

उता जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी काठमाडौं महानगरपालिका-१४ कालिमाटीमा ग्यारेज/वर्कसप सञ्चालन गरी बस्ने भारत मोतीहारी तुरकौलिया थाना रघुनाथपुर गाउँ घर भएका ४७ वर्षीय सकील खानलाई प्रहरीले पक्राउ गरेको छ ।

उच्च अदालत पाटनको २०७६ भदौ ८ गतेको फैसलाले जबरजस्ती करणी मुद्दामा ५ वर्ष कैद ठहर भई फरार रहेका उनलाई केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजबाट खटिएको प्रहरीले काठमाडौं कुलेश्वरबाट पक्राउ गरेको हो ।

खानले २०७३ फागुन ८ गते ३२ बर्षीया महिलालाई मादक पदार्थ सेवन गराई लठ्ठ पारी व्यापार व्यवसाय सञ्चालन गर्ने सामान किन्नका लागि भारत लैजान्छु भन्दै झुक्याई काठमाडौं

*(बाँकी अन्तिम पृष्ठमा)*

**OLD IS GOLD**

‘गुणस्तरीय र सुलभ शिक्षा, कनकाईको प्रतिवद्धता’

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

+२ व्यवस्थापन | शिक्षा | मानविकी

**FOR GRADE XI** कक्षा ११मा

- कम्प्युटर साइन्स
- होटल मेनेजमेन्ट
- आमसञ्चार
- विजनेश स्टडिज
- विजनेश म्याथ



**कनकाई एजुकेशन फाउण्डेशन**, बिर्तामोड, झापा
०२३-५४००५५, ०२३-५४००९५
९८४२६२६१३९, ९८४२६५७९३८

**सीपमूलक शिक्षा आजको आवश्यकता**

CTEVT बाट सम्बन्धन प्राप्त यस मोहनमाया माध्यमिक विद्यालय बिर्तामोड न.पा.-२ चारपाने झापामा शैक्षिक सत्र २०७९/८० मा प्राविधिक विषयतर्फ Diploma In Civil Engineering र Diploma in Civil Engineering [Specialized in Hydr [redacted] न्छ ।

**हाम्रा विषेशताहरु**
- पूर्ण नि:शुल्क छात्रवृ [redacted]
- अत्यन्त न्यून शुल्कमा [redacted] ने ।
- व्यवस्थित तथा सुविध [redacted]
- पूर्ण व्यवस्थित पर्याप्त [redacted]
- विगतका वर्षहरुमा उ [redacted]
- विद्यार्थी केन्द्रित शिक्ष [redacted]
- पूर्वपश्चिम राजमार्गसँ [redacted]

प्राविधिक विषयतर्फ आ [redacted]
भर्ने कार्य भइरहेको छ [redacted]
**फारम पाइने र बुझाउने स्था** [redacted] NP
बाट डाउनलोड गरी वा वि [redacted] ।
**फारम वितरण :- २०७** [redacted]
**फारम बुझाउने अन्तिम** [redacted]
**सञ्चालित कार्यक्रमहरु** [redacted]
Diploma In Civil [redacted]
Diploma in Civil Engi [redacted] सिट

**मोहनमाया मा** [redacted]
०२३-५४३६५२ ( [redacted]
९ [redacted]

## कांग्रेस नेता सिटौलाद्वारा स्व. बस्नेतप्रति श्रद्धाञ्जली

**झापा, साउन २३।** सामाजिक व्यक्तित्व कृष्णबहादुर बस्नेतको निधनप्रति नेपाली कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले श्रद्धाञ्जली व्यक्त गरेका छन् ।

इलामको साँखेजुङस्थित निवासमा बस्नेतको साउन १५ गते ७३ बर्षको उमेरमा निधन भएको थियो । बस्नेतको निधन प्रति नेपाली कांग्रेसका केन्द्रीय सदस्य समेत रहेका नेता सिटौलाले बिर्तामोड-१स्थित बस्नेत निवासमा पुगेर श्रद्धाञ्जली व्यक्त गरेका हुन् । यस अघि नेपाली कांग्रेसमा महामन्त्री विश्वप्रकाश शर्माले समेत बस्नेतको निधनप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए ।

बिर्तामोड-१ स्थित निवासमा पितृशोकमा रहेर दशगात्र कर्ममा रहेका बिनोद-कोपिला, राजु-अनिता र विपिन-बन्दना लगायत शोकाकुल बस्नेत परिवारमा समवेदना दिन तथा स्वर्गीय पिता स्व. कृष्णवहादुर बस्नेतप्रति श्रद्धाञ्जली व्यक्त गर्न हजारौं मानिस उपस्थित हुने गरेका छन् ।

वि.सं. २००६ साल फागुन १९ गते तत्कालीन साँखेजुङ-५मा शिवमाया र लक्ष्मण बस्नेतका काइँला छोराका रुपमा जन्मिएका कृष्णबहादुर बस्नेत साँखेजुङमा चिया उद्योग सञ्चालन गरेर बसेका थिए । उनका श्रीमती सरस्वती बस्नेत , छोरा-बुहारीहरुमा बिनोद-कोपिला, राजु-अनिता र विपिन-बन्दना बस्नेत रहेका छन् । स्व. बस्नेतका जेठा छोरा बिनोद झापा गोल्डकपका अध्यक्ष, जेसीज पूर्वअध्यक्ष समाज झापाका अध्यक्ष, एकका लागि एक अभियानका सहसंयोजक, नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं. १का कार्यसमिति सदस्य, मेची पेट्रोलियम डिलर्स एशोसिएशनका महासचिव रहेका छन् ।

त्यस्तै वीरता जेसीजका पूर्वअध्यक्ष, रोटरी क्लब अफ बिर्तामोडका पूर्वअध्यक्ष, नेपाल जेसीजका पूर्व राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष लगायत विभिन्न सामाजिक संघ-संस्थामा आवद्ध छन् । उनी सयपत्री ट्रेड लिंक यामाहा सोरुम बिर्तामोडका सञ्चालक समेत हुन् । जेठी बुहारी कोपिला मानवअधिकारकर्मी र अधिवक्ता हुन् । माइला छोरा राजु खानेपानी संस्थान भद्रपुरमा कार्यरत छन् भने कान्छा छोरा विपिन पाथीभरा अटो लिङ्क टीभीएस सोरुम बिर्तामोडका सञ्चालक हुन् ।

बस्नेतको निधनप्रति झापाका प्रमुख जिल्ला अधिकारी छविलाल रिजालसहित इलाम नगरपालिका, रोङ गाउँपालिका, सहारा नेपाल, एमएमसी, एन्फा, जिल्ला फुटवल संघ, भेट्रान, लिटलफ्लावर, दृष्टि आँखा, वीरता जेसीज, वीरता लेडी जेसीज लगायत झापा र इलामका झण्डै दुई सय संघ संस्थाले श्रद्धाञ्जली ब्यक्त गरेका छन् ।

## कम्युनिष्ट आन्दोलनकी नेतृ चापागाईँको निधन

**दमक, साउन २४।** नेपाली कम्युनिष्ट आन्दोलनकी एक जना साहसिक, संघर्षशील नेतृ इन्दिरा चापागाईँको निधन भएको छ ।

दमक-५मा स्थायी बसोबास गर्दै आएकी चापागाईँको



८७ बर्षको उमेरमा सोमबार साँझ निजी निवासमा निधन भएको हो ।

मुटु सम्बन्धी समस्या र दम रोगबाट समेत पीडित चापागाईँलाई एक साता अघि सामान्य ज्वरो आएको थियो । एक दुई दिनकै बीचमा त्यस्तो कुनै जटिल समस्या देखिएको थिएन, अचानक बित्नु भयो- उनका नाति डा. नवीन चापागाँईंले भने ।

स्वर्गीय चापागाइँ नेपाल कम्युनिष्ट पार्टी एमालेकी केन्द्रीय सल्लाहकार परिषद् सदस्य तथा ज्येष्ठ कम्युनिष्ट नेपालकी केन्द्रीय सदस्य थिइन् । उनले प्रतिबन्धित कालमा दमकमा अखिल नेपाल महिला संघको नेतृत्व समेत सम्हालेकी थिइन् । स्वर्गीय चापागाइँका छोरा हरि चापागाइँ हुन् । उनका पति मोहनलाई २०१५ सालमा नेपाली किसान आन्दोलनमा लागेको भन्दै इलाममा प्रहरीले हत्या गरेको थियो । त्यसैकारण उनलाई शहीद पत्नीका रुपमा लिइन्छ ।

उनलाई सरकारले २०७७ सालमा सुप्रवल जनसेवा श्री पदक प्रदान गरेको थियो । भूमिगत कालमा पार्टी अध्यक्ष केपी शर्मा ओली लगायत समकालिन नेताहरु चापागाईँको तत्कालीन दमक-१५स्थित घरमा सेल्टर बस्ने गरेका थिए । अध्यक्ष ओली झापा आउँदा प्रायः चापागाईंसँग भेटघाट गरेर मात्र फर्कने गरेका थिए ।

### रक्षाबन्धन ...

कार्यतालिका पात्रोलाई मानिन्छ । सामान्यतया तिथि, बार, नक्षत्र, योग, करण यी पाँच विषय पात्रोमा हुने भएकाले यसलाई पञ्चाङ्ग भन्ने गरिएको हो ।

पञ्चाङ्गको निर्णयका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयले एक समिति गठन गर्छ । उक्त समितिले धर्मशास्त्रविद्, ज्योतिषिलगायत विद्वानको सहभागितामा बैठक गरी चाडपर्वको निर्णय गर्ने गर्छ । समितिले यस वर्ष स्वीकृत गरेका पात्रो (पञ्चाङ्ग) मा साउन २७ गते रक्षाबन्धन र गाईजात्रा पर्व पर्ने उल्लेख छ ।

## विवाद नसेलाउँदै करिश्माको बोल्ड फोटोसुट



हालै रिलिज भएको तीज गीत 'पापाकी परी' मा पेटिकोट लगाएर डान्स गरेका कारण विवादमा परेकी मोडल करिश्मा ढकालले हालै गोदावरीमा बोल्ड फोटोसुट गराएकी छिन् ।

उनले आफ्नो इन्स्टाग्राम सामाजिक सञ्जाल खातामा आफ्नो फोटोसुटका केही तस्वीरहरु पनि शेयर गरेकी छिन् ।

यो फोटोसुटसँगै मोडल करिश्मा एकपटक फेरि चर्चामा आएकी छिन् । हुन त उनी मोडलिङ क्षेत्रमा उचाइमा पुगेसँगै निकै चर्चामा छिन् । उनले अभिनय गरेका म्युजिक भिडियो अहिलेसम्म एक हजारभन्दा बढी भइसकेका छन् ।

पछिल्लो समय उनको सामाजिक सञ्जालमा निकै बोल्ड फोटोहरु देख्न सकिन्छ । अहिले पनि उनले निकै हट बनेर फोटोसुट गरेकी छिन् । जहाँ उनी निकै खुलेकी छिन् ।

### प्रत्यक्ष ...

सञ्चार माध्यम नेपालको लोकतान्त्रिक इतिहासको जिउँदो साक्षी रहेको चर्चा गर्दै आसन्न निर्वाचनमा पनि मुलुकका जिम्मेवार आमसञ्चार माध्यमबाट स्वःस्फूर्त रूपमा साथ, सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे ।

निर्वाचन आयुक्त डा. जानकी तुलाधरले निर्वाचन कार्यतालिकाअनुसार अब द्रुतगतिमा निर्वाचन कार्यक्रमअघि बढ्ने बताउँदै आसन्न आमनिर्वाचनलाई ऐतिहासिक रूपमा सम्पन्न गर्ने काममा मुलुकका जिम्मेवार सार्वजनिक सञ्चार माध्यमबाट यसअघि जस्तै सहयोग प्राप्त हुने विश्वास व्यक्त गरिन् । निर्वाचन आयुक्त सगुन शम्सेर राणाले निर्वाचन आयोगसँग सम्बन्धित संवेदनशील विषयमा समाचार सम्प्रेषण गर्नुअघि पुष्टि गरेर मात्र समाचार सम्प्रेषण गर्न सम्बद्ध पक्षको ध्यानाकर्षण गरेका थिए ।

**भूल सुधार गरिएको**

यस समूहवाट मिति २०७९/०४/२४ मा प्रकाशित काठ लिलाम बिक्रीको सूचनामा तेस्रोपटक प्रकाशित मितिले ७ दिनभित्र हुनुपर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको छ ।

**श्री जुकेखाडी सा.व.उ.स.**
अर्जुनधारा-३, झापा

**माइग्रेसन सर्टिफिकेट हरायो**

काँकरभिट्टाबाट बिर्तामोड जाने क्रममा यही मिति २०७९।०२।२१ गते मेरो निम्न व्यहोराको सर्टिफिकेट हराएको हुँदा भेट्नु वा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

**नाम**:- युवराज श्रेष्ठ
**ठेगाना**:- मेनपा-८, झापा
**सिम्बोल नं.**:- १८००३४५
**हराएको कागजात**: डिप्लोमा इन मेकानिकल इञ्जिनियरिङ क्यारेक्टर सर्टिफिकेट र मार्कसिट

### अर्जुनधारा ...

लगायतले शुभकामना मन्तव्य राखेका थिए । उक्त कार्यक्रमको सञ्चालन परिषद्का सचिव भीमकुमार श्रेष्ठले गरेका थिए ।

### जवरजस्ती ...

नयाँबसपार्क जाने भनी ट्याक्सी चढाइ काठमाडौं महानगरपालिका-११ सुन्धारास्थित ओम सुन्धारा गेष्ट हाउसमा लगी जबरजस्ती करणी गरेको मुद्दामा अदालतले उक्त फैसला गरेको थियो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएको छ ।

**कर्मचारी आवश्यकता**

**यस श्री सब्जी मण्डी कृषि सहकारी संस्था लि. २०७९ साल साउन २४ गते बसेको समितिको निर्णय अनुसार झापा जिल्ला मेचीनगर न.पा.-१२, को लागि तपसिल अनुसारको कर्मचारी आवश्यकता पर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ ।**

| क्र.सं. | विज्ञापन नं. | संख्या | पद | स्थान | छनोटको किसिम |
|---|---|---|---|---|---|
| १. | ०७९/०८०/१ | १ | बजार प्रतिनिधि | मेचीनगर-१२, चारआली | लिखित, मौखिक |

१) **शैक्षिक योग्यता** : १० पास
२) **अन्य योग्यता** : मार्केटिङ क्षेत्रमा दखल राख्ने
- सहकारी क्षेत्रमा अनुभवी
- आवेदन शुल्क : रु.२००।-
३) **उमेर** : १८ बर्ष पूरा भई ४० ननाघेको
४) **नियुक्तिको किसिम** : करार
५) **दरखास्त दिने अवधि** : साउन २५ गतेदेखि भदौ ५ गते सम्म
६) **परीक्षा हुने मिति** :- २०७९ भदौ ७ गते
७) **परीक्षा हुने स्थान** : सब्जी मण्डी सहकारीको कार्यालय, मेचीनगर-१२, चारआली, झापा
८) **फाराम पाइने स्थान** : सब्जी मण्डी सहकारीको कार्यालय, मेचीनगर-१२, चारआली, झापा **तलब स्केल** : आपसी समझदारी
९) **अन्य सुविधा** : कर्मचारी सञ्चयकोष, पोशाक, खाजा खर्च तथा सुविधा
१०) **आवश्यक कागजातहरु** : हस्तलिखित, निवेदन, नेपाली नागरिकता, प्रमाणपत्रहरुको प्रतिलिपि

**सम्पर्क नं. : ०२३-४६०६९१, ९८६२६८१४२४, ९८५२६७५५६८**
**नोट : स्थानीयलाई पहिलो प्राथमिकता दिइने ।**

यौटा सृष्टि विधान रचेर किन हो, जाँदा यहाँ कष्ट भो । रोजी फूल थियो झऱ्यो नियतीले, संहार भो नष्ट भो ।।
हामीलाई दिएर मार्ग पथको, यात्रा सिकाई दियौ । हामीवाट कसोरी झट्ट अहिले, विदा नमागी गयौ ।।

# भावपूर्ण श्रद्धाञ्जली/समवेदना

यस युनाइटेड ब्रदर्श एलायन्स (फोर्ड शोरूम)का प्रबन्ध निर्देशक तथा युवा व्यवसायी विपीनकुमार बस्नेत, विनोद बस्नेत तथा राजु बस्नेतसहितका प्रातः स्मरणीय पिता तथा हाम्रा अभिभावक **कृष्णबहादुर बस्नेत**को यही मिति २०७९ साउन १५ गते आइतबारका दिन भएको अकल्पनीय निधनले हामीलाई अत्यन्तै स्तब्ध एवम् मर्माहत बनाएको छ । दु:खको यस क्षणमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । परिवारका अभिभावक, श्रीमान तथा पिता वियोगको पीडादायी क्षणमा रहनुभएकी उहाँकी धर्मपत्नी सरस्वती बस्नेत, छोराबुहारीहरू बिनोद-कोपिला, राजु-अनिता र विपिन-बन्दना, नातिनीहरू विभुती, आरोही, ब्रियन्सा, नाति आरोग्य लगायत समस्त शोक सन्तप्त परिवारजनमा शोक सहन गर्ने शक्ति प्राप्त होस् भन्ने कामनासहित गहिरो समवेदना व्यक्त गर्दछौं ।



**स्व. कृष्णबहादुर बस्नेत**
जन्म : २००६ फागुन १९ गते
निधन : २०७९ साउन १५ गते

**युनाइटेड ब्रदर्श एलायन्स (फोर्ड शोरूम) परिवार**
**बिर्तामोड, झापा**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## अधुरा योजना चाँडै सम्पन्न गर

**झापालाई नेपालका सुगम जिल्लामध्येको एक भनिन्छ । पूर्वाधारका हिसाबले झापामा विकास–निर्माणका काम गर्न असहज पनि छैन । शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, विद्युत् तथा खानेपानी जस्ता विकासका पूर्वाधारहरुको उपलब्धता भएको यही जिल्लामा कति यस्ता स्थानीय छन् जो जोखिम मोलेर दैनिकी गुजारा गर्न बाध्य छन् । झापा भएर बग्ने बिरीङ, कन्काई, रतुवा लगायतका जल प्रवाह बढी भएका नदीहरु वर्षाका समय दुःखका कारण बनिने गरेका छन् । जसका कारण स्थानीयले कटान, डुबानको समस्या भोग्दै आएका छन् । बाढीका कारण वर्षेनि उनीहरुले लगाएको अन्नबाली नष्ट हुने गरेको छ भने मानवीय क्षति पनि निरन्तर भइरहेको छ । पूर्व–पश्चिम महेन्द्र राजमार्ग निर्माण हुनुअघिसम्म यी र यस्ता नदीनालाका कारण एउटा र अर्को बस्तीबीच सम्पर्कहीनताको अवस्था थियो झापामा । स्थानीयबासीले आफ्नो उत्पादन बजारसम्म पुऱ्याउन कष्ट व्यहोर्नु पर्थ्यो ।**

**अहिले परिस्थिति फेरिएको छ । परिस्थिति फेरिएसँगै मनस्थिति पनि बदलिएको छ । मानिसलाई भौतिक सुख–सुविधाको उपयोग गर्ने इच्छा बढेको छ । त्यही इच्छाले आवश्यकता र आवश्यकताले आविष्कार गराएको छ । जुन आविष्कारले मानिसको जीवन निर्वाहलाई सहज पनि बनाइदिएको छ । तर, अझै सुगम भनिने झापाका कतिपय क्षेत्रहरुमा विकासका पूर्वाधार कै अभाव छ । जसका कारण स्थानीयबासीको जीवन कष्टकर, जोखिमपूर्ण र अनिश्चित छ । दक्षिणी झापाको गौरीगञ्ज, झापा गाउँपालिकाको मध्य भएर बग्ने बिरीङ र कन्काई नदीमा पुल नहुँदा अनिश्चित जीवन भोगिरहेका छन् स्थानीयबासीले । दैनिक उपभोग्य वस्तुको ओसारपसारमा होस् वा सामाजिक अथवा व्यक्तिगत व्यवहारका काम, डुङ्गा चढेर नदी तर्नु पर्ने बाध्यता छ । पुल बनाउन ठेक्का लागेको दश वर्ष भइसक्दा पनि निर्माण सम्पन्न नहुँदा स्थानीयको कष्ट यथावत रहेको हो ।**

**महेन्द्र राजमार्गकै अवधारणामा निर्माण थालिएको हुलाकी सडकमा पर्ने ती नदीहरुमा पुल बनाउन ठेक्का लिएका कम्पनीहरुले समयमा काम सम्पन्न नगर्दा हुलाकी सडक नै प्रयोजनविहीन छ । सोही सडकमा पर्ने तीन वटा मुख्य र ठूला नदीहरुमा पुल नबनिएकैले दक्षिण झापाबासीको सहज आवागमन गर्ने अधिकार कुण्ठीत भएको छ । सरोकारवाला निकायले कामको अनुगमन र निरीक्षण नगर्दा ठेकेदारको लापरवाही बढेको र जनताले कष्ट व्यहोर्नु परेको हो । त्यस्तै सीमान्त नदी मेचीको दक्षिणी क्षेत्रमा बस्नेहरुको जीवन भोगाइ पनि उत्तिकै कष्टप्रद छ । पाठामारी–धोबीभिट्टा नाकामा आवत–जावत गर्न झोलुङ्गे पुल बनाउन ठेक्का लागेको सात वर्ष बितिसक्यो । तर, जनता डुङ्गा चढेर नदी तर्न बाध्य छन् । ०७४ सालमा निर्माण सम्पन्न गर्ने गरी ठेक्का लिएको कम्पनी सम्पर्कविहीन भइरहँदा अनुगमन गर्ने निकायको अभावमा स्थानीयले सास्ती व्यहोर्नु पर्ने दुर्भाग्य कहिलेसम्मको हो यकिन छैन । कहिले बाँसे पुल त कहिले डुङ्गाको सहायताले नदी तर्नुपर्ने बाध्यतालाई स्थानीय सरकारको पहलमा चाँडै सम्बोधन गरिनु उनीहरुकै लागि पनि उचित हुन्छ ।**

# सहज जीवनका लागि जीवनसाथी



**संगीता रौनियार**

एउटा शिशु जब जन्म लिन्छ, त्यसपश्चात विभिन्न अवस्था पार गर्दै यौवनकालमा प्रवेश गर्छ । त्यसपछि उनको शारीरिक परिवर्तन हुन्छ र यही परिवर्तन पछि ऊ कुनै समलिङ्गी वा विपरीत लिङ्गीप्रति आकर्षित हुन्छ । र, एक समयमा उसलाई एउटा साथी, जीवनसाथीको खाँचो पर्दछ । यही शारीरिक आवश्यकताको लागि हो कि भावनात्मक सम्बन्धको लागि । मानिस एउटा सामाजिक प्राणी हो र सामाजिक दायरामा बस्नु र समाजको नियम मान्नु मानिसको कर्तव्य पनि हो ।

पछिल्लो समयमा कोभिड संक्रमणको कारण धेरैले ज्यान गुमाउन पऱ्यो । जसका कारण केही विवाहित महिला तथा पुरुष एकल हुन पुगे । साथै धेरै बालबालिका अनाथ भए । जसको मृत्यु भयो उनका आफन्तहरुको दुःखपीडाको कथा अनन्त छ ।  यो क्रुर, कठोर संसारमा बालबालिकाको पालनपोषण एक्लै गर्नु कठिन अनुभूति हुन थाल्यो ।

मेरो छिमेकी जसको उमेर ५० वर्ष थियो । र, उनको कुनै सन्तान पनि थिएन । छिमेकीको मृत्युले उनकी श्रीमतीको दुःखको सीमा छैन, यो उमेरमा कसको सहाराले बाँच्नु ! श्रीमानको मृत्युपश्चात दुई सन्तान स्याहार-सुसारले हैरान भएर घरी-घरी आफ्नो जीवनसाथीलाई सम्झेर गरेर धुरु-धुरु रुन्छिन् । मृत्युपश्चात दुई-चार दिन आफन्त, साथीभाइ, छिमेकी सबैले धेरै सान्त्वना दिन्छन् । तर, दुई-चार दिनपछि सबै आफ्नो कामा व्यस्त हुन थाल्छन् । अनि पीडाको बोझ बुझ्ने कोही पनि हुँदैन ।

विवाह दुई अविवाहित विपरीतलिङ्गीलाई आत्मिकरुपले आपसमा आवद्ध गर्ने कार्य हो । तर, आज आएर यो प्रश्न सबैको सामु के छ कि विवाह पश्चात पुरुष वा महिलाको मृत्यु भएमा पुनः पुरुषको जस्तो सजिलोसँग महिलाको पुनः विवाह किन हुँदैन ? यो प्रश्न आफैंमा जटिल छ । श्रीमानको मृत्यु पश्चात वा सम्बन्धविच्छेद पश्चात कतिपय एकल महिलाले पुनः विवाह गरेका पनि छन् । तर, उहाँहरुको जीवन त्यति सहज छैन । एकल महिलाको पुनः विवाहमा पहिला पनि अड्चन थियो र आज पनि रहेको छ ।

पुनः विवाह पछाडिको यो जटिलताको अर्को कारण हो । विवाह एक संस्था हो, विवाहले सामाजिक मात्र नभएर आर्थिक पक्षसँग पनि जोडिएको हो । वंश परम्परा भविष्यप्रतिको सुनिश्चितता सम्पत्ति माथिको अधिकार, जिविकोपार्जन आदि यसको अर्को पक्ष हो । नेपाली समाज आज पनि पितृसत्तात्मक पुरातन सोचमा कायम छ । संविधानद्वारा प्रदत्त कानून ऐनमा पैतृक सम्पत्तिमा दुबैलाई समान अधिकार दिए पनि महिलालाई सनतान उत्पादन गर्ने उपकरण, मेसीनको रुपमा लिने चिन्तन यथावत कायम छ । 'खुट्टा भए जुत्ता कति, मर्दका दश वटी' उखानको गुण गाउने महिमा भन्नेको समाजमा कमी छैन ।

परोक्षरुपमा यसको प्रभाव श्रीमानको मृत्युपश्चात महिलाहरु आजीवन घरको सतत्विमा रहनुपर्ने तर श्रीमानले भने श्रीमतीको बितेको १३औं दिनको कर्मपश्चात कन्या खोज्न हिँडेको दृश्य नयाँ नौलो पनि होइन । एकल महिलाको विवाहसँग अन्य केही ज्वलन्त प्रश्नहरु पनि तेर्सिएका छन् । विवाह एक पारिवारिक समझदारीमा गरिने कार्य हो । यो समझदारी कसैको परिवार र त्यो परिवारले अँगाल्दै आएको संरक्षण गर्दै आएको सांस्कृतिक मूल्य-मान्यतासँग पनि जोडिएको हुन्छ । एकपटक विवाह भइसकेको महिला त्यसमा पनि श्रीमानको मृत्युको कारण समेत महिलाको भाग्य, लक्षण जोडिएको पुरातन मान्यता पनि एकल महिलाको पुनः विवाहका बाधकतत्व छन् । शिक्षा, आर्थिक परनिर्भरता तथा सीप, तालिमको कमीको कारण पनि एकलहरुको जीवन सबल हुन सकिरहेको छैन ।

यससँगै एकल महिलाको पुनः विवाहसँग केही जातीय र भावनात्मकसँग पनि गाँसिएको छ । आफ्नो धर्म, जातिको घेराबन्दी तोड्न आज पनि नेपाली समाजमा गाह्रो छ । भात-पानीभन्दा तल जानु घरपरिवार समाजबाट छुटिएर बस्नु सरह छ । कतिपय ठाउँमा आज पनि गाउँबाट निकाल्ने, पानी बन्द गर्ने आवाञ्छित कार्य यथावत चलिरहेको छ । तर, आज पढेर मानिस अलिक फरकखालले सोच्न थालेका छन् । धेरै माइती पक्षले आफ्नो छोरी-चेलीको भविष्यबारे सोच्न थालेका छन् । धेरै माइत पक्षले आफ्नो छोरीचेलीको पुनः विवाह गरेको हामीले सुन्न देख्न सक्छौं ।

कतिपय सासु-ससुराले पनि बुहारीको विवाह गरेर बुहारीको घर बसाएका उदाहरणहरु छन् । यससँगै एकल महिलाको बच्चा छैन भने विवाह केही सहज हुन्छ । तर, बच्चा छ भन्ने परिवारले बच्चालाई कसले हेर्छ, कसले पालनपोषण गर्छ जस्ता कुराबाट महिला वञ्चित हुन्छन् । यस्तो भावनात्मक सम्बन्धलाई तोडेर नयाँ घर बसाउने पक्षमा प्रायः महिला हुँदैनन् ।

के त्यसो भए एकल महिला विवाह नै नगरी जीवन गुजार्ने हो त ? के भावनात्मक मायाप्रेम सद्भावको परिधिबाट जीवनभरि वञ्चित रहने हो त ? के यौनिक आवश्यकता र त्यसको अभावको कारण उत्पन्न कुण्ठा, मानसिक तनाव, जैविक आवश्यकतालाई दबाउँदा सहज जीवन सम्भव छ । नयाँ जीवनको शुरुवात गर्नुपर्छ भन्ने मान्यतालाई स्थापित गर्ने हो । निसन्देह दोस्रो कुरालाई अगाडि बढाउनुपर्छ । तर, यो मान्यता कसरी विकास गर्ने यो एउटा चुनौति छ । यसका निमित्त सामाजिक मनोविज्ञानको पुनर्संरचना जरुरी छ ।

कानूनी सामाजिक व्यवस्थाले मात्र यो विभेद हट्न सक्दैन । यसका लागि मानवीय सोचको खाँचो पर्छ । एकपटक पाएको जीवन दुःख-पीडाबाट काट्नुको सट्टा हाँसीखुशीका साथ बाँच्नु पाउनुपर्छ । कसैलाई दुःखकष्ट, पीडा दिनु साह्रै सजिलो छ । तर, कसैको दुःखी जीवनमा रंग भर्नु मानवीय कार्य हो । यसका लागि हामीहरु आफ्नो मन र मस्तिष्कलाई फराकिलो बनाउनुपर्छ । जीवनको गाडी एक पहियाले चल्दैन । त्यसकारण सहज जीवनका लागि जीवनसाथी बनाउनुपर्छ ।



# आहालडाँडा पोखरीमा पानी सञ्चय नहुँदा चिन्ता



**बिनोद पाण्डे**

बर्षायाममा पनि रोङ गाउँपालिकाको १ र २ नम्बर वडाको सीमानामा रहेका आहालडाँडा पोखरीमा पानी सञ्चय नहुँदा स्थानीयहरु चिन्तित छन् ।

विगत दुई दशकभन्दा अघिसम्म बाह्र महिनै पानी जम्ने पोखरीमा केही बर्षदेखि पानी जम्मा हुन छाडेको, त्यहाँका खोल्सामा रहेको पानीका मुहानहरु पनि सुक्दै गएका कारण स्थानीयहरु चिन्तित बनेका हुन् । आहाल डाँडा पोखरीमा पानी सुक्नुको मुख्य कारण भने नजिकै रहेको स्कूलको जग्गामा स्कूलले मैदान बनाउने हुँदा त्यहाँको माटो पोखरीमा हालिएकाले पानी हराएको स्थानीयहरुको भनाइ छ ।

सुख्यायाममा खोला, पोखरी सुक्नुलाई सामान्य ठानिन्छ । तर, बर्षायाममा पनि रोङको आहालडाँडा पोखरीमा कमिलाको गुड्गुडीले सबैलाई अचम्भित बनाएको छ । यसरी पोखरी पानीविहीन हुन थालेपछि सबै पानीको मुहान सुकेर एकदिन त्यहाँका मानिसहरु काकाकुल झैं प्यासी बन्नुपर्ने त होइन भनेर स्थानीय अगुवाहरु चिन्तित बन्न थालेका छन् ।

इलामको दक्षिणी भू-भागमा रहेको शान्तिपुर नजिकै रहेको आहालडाँडामा पहिले विभिन्न प्रजातिका चरा र जलचरहरुको बासस्थान थियो । पाथीभरामा रहेको हाँस पोखरी र आहालडाँडामा रहेको पोखरीमा चराहरु आवतजावत गर्ने गरेका थिए । आहालडाँडामा पानी सुकेपछि चरा र जलचरहरुको बासस्थान पनि अन्त्य भएको छ । हाँस पोखरीलाई भने स्थानीय र संघीय सरकारले संरक्षण गरेकाले पानी छ । तर, आहालडाँडा पोखरीमा राजनीति र सरकारी स्तरबाट उचित चासो नहुँदा आहालेडाँडाको पोखरी पानीविहीन बन्न पुगेको स्थानीयहरुको भनाइ छ ।

आहालडाँडामा पानी सुकेपछि क्रमशः वरपरका छ वटा पानीको मुहानहरु सुकिसकेका छन् । पानीको मुहान सुकेपछि स्थानीयहरुले पानीको अभावका कारण निकै कष्टपूर्ण जीवन जीउन बाध्य हुनुपरेको अवस्थालाई दृष्टिगत गरेर विगत बर्षदेखि आहालडाँडा पोखरीलाई संरक्षण गरेर पानी अड्याउने अभियानमा स्थानीयहरु जुटेका छन् । पोखरी जोगाउन पहल गरेपछि सरकारले पनि स्थानीयलाई साथ दिन थालेको छ । पोखरी संरक्षणको लागि प्रदेश सांसद कोषबाट १० लाख र रोङ गाउँपालिकाबाट एक लाख ५० हजार रुपैयाँ लगानी भएको स्थानीय प्रकाश खातीले जानकारी दिए ।

समुद्री सतहबाट एक हजार एक सय ५० मिटर उचाइमा रहेको आहालडाँडा चिसो ठाउँ हो । आहालडाँडा पानीको स्रोतको लागि मात्र होइन पर्यटकीय स्थलको रुपमा पनि धेरै सम्भावना रहेको ठाउँमा पर्छ । स्थानीयको भनाइ अनुसार पोखरीको डिलमा रहेको ठूलो बरको रुख करिब पाँच सय बर्ष पुरानो हो । पर्यटकलाई आकर्षित पार्ने बरको रुखलाई ट्रि हाउसको रुपमा प्रयोग गर्ने हो भने उक्त ठाउँमा एड्भेन्चर मनपराउने पर्यटकहरु पुग्ने र सो ठाउँको आर्थिक तथा भौतिक विकासमा टेवा पुग्ने खातीले बताए ।



बाटो, बिजुली, टेलिफोन, फोरजी इन्टरनेटको सुविधा उपलब्ध रहेको आहालडाँडामा पर्यटकको लागि खान र बस्नेको सुविधासहित प्रचारप्रसार हुने हो भने पर्यटकको उत्कृष्ट गन्तव्य बन्न सक्छ । तर, यसका लागि राजनीतिक स्वार्थभन्दा माथि उठेर आफ्नो ठाउँको विकासका लागि स्थानीय नेताहरु लाग्नुपर्ने स्थानीय इच्छाराम राईको भनाइ छ । आहालडाँडाबाट झापा र भारत पश्चिम बंगालका विभिन्न शहर, बजारहरु सजिलै देखिन्छन् ।

झापाको बिर्तामोडबाट मोटरसाइकल तथा साना चारपाङ्ग्रे सवारीबाट करिब एक घण्टा ३० मिनेटमा आहालडाँडा पुग्न सकिन्छ । पर्यटनको घुइँचो पनि लाग्न सक्ने सम्भावना देखिएको छ । यसतर्फ स्थानीय नागरिकहरुले अलिबढी जुझारु बन्न आवश्यक रहेको छ भने स्थानीय, प्रदेश सरकारको पर्याप्त योजना पर्न ढिलो हुनुहुँदैन ।

# दुर्घटनाको जोखिम बढ्दै



□ रत्नबहादुर बस्नेत

**बिर्तामोड, साउन २४।** समयमा मर्मतसम्हार नहुँदा बिर्तामोडको भित्रि सडकखण्डमा दुर्घटनाको जोखिम बढ्को छ ।

बिर्तामोड-९ स्थित विराटपोखरबाट आर्दशचोक-हल्दिबारी सडकखण्ड जोड्ने कच्ची सडकमा केही समयअघि आएको बाढीले क्षति पुऱ्याएपछि लामो समय भइसक्दा पनि मर्मत नगरिँदा दुर्घटनाको जोखिम बढ्दै गएको हो ।

उक्त सडकमा दुर्घटना हुनेक्रम बढेको स्थानीय तेजप्रसाद सिटौलाले बताए । पहिले उक्त बाटो यात्रा नगरेका एक व्यक्तिलाई उद्धार गरी राति मोटरसाइकल सिटौलाको घरमै राखेर आफन्तलाई बोलाएर पठाइएको उनले बताए ।

उक्त बाटो पहिले यात्रा नगरेका र बाढीअघि मात्र हिंडेका रातको समयमा मोटरसाइकल, ट्याम्पो दुर्घटनामा पर्न सक्ने सम्भावना रहेको स्थानीय युवा बालकृष्ण आले बताउँछन् ।

छेउमा उच्च ठाउँमा राखिएको कल्भर्टबाट कज्वे तर्फ ओरालो भाग पर्ने भएकोले झट्ट भत्किएको स्थान नदेखिने भएका कारण पनि दुर्घटना हुने गरेको बद्रीबाडीका मोहन उप्रेती बताउँछन् । गत असार महिनाको दोस्रो सातामा आएको बाढीले उक्त सडकको कचवेको एकतिरको भाग भत्काएर क्षति पुऱ्याएको थियो ।

पहिले नै जनप्रतिनिधिहरुलाई जानकारी गराए पनि बाढीले पुनः बगाएर क्षति पुऱ्याउने भन्दै मर्मत नगरिएको बताइएको छ । तर, सडक अवरोध हुँदा एकातिर पैदलयात्री सास्ती भोग्न बाध्य छन् भने अर्कोतिर दुर्घटना हुन थालेको उप्रेती बताउँछन् ।

खेतको पानी सडक भएर बग्ने गरेको उक्त क्षेत्रमा पानीको मूलधार रहेको स्थानमा कज्वे निर्माण गरिएको छ भने छेउमा उच्चरुपमा बक्स कल्भर्ट निर्माण गरिएको छ । उक्त कल्भर्ट उपयुक्त ढंगले निर्माण नभएको भन्दै आलोचना समेत हुने गरेको छ ।

# निःशुल्क शव वाहन



**पथरीशनिश्चरे, साउन २४।** मोरङको पथरीशनिश्चरे नगरपालिका वडा नं. ८ ले वडाभित्रका कुनै पनि नागरिकको मृत्यु भए शव वाहनको प्रयोग गरी अन्तिम दाहसंस्कारको लागि घाटसम्म पुऱ्याउन सहयोग गर्ने भएको छ ।

वडा कार्यालयमा आयोजित बैठकले वडाभित्रका कुनै पनि नागरिकको मृत्यु भएपछि शव वाहनको प्रयोग गरेर अन्तिम दाहसंस्कारको लागि घाटसम्म पुऱ्याउन निःशुल्क सहयोग गर्ने भएको हो ।

उक्त बैठकले आफ्नै पथरीशनिश्चरे नगरपालिकाको शव वाहनले नभ्याए अरू कुनै पनि सवारीसाधनमा लगे पनि दुई हजार रुपैयाँ यातायात भाडावापत वडा कार्यालयले उपलब्ध गराउने निर्णय गरेको हो ।

वडाभित्र बेवारिसे शवको व्यवस्थापन गर्नुपरेमा पनि आवश्यक दाउरा र आउने खर्च वडा कार्यलय आफैले व्यवस्थापन गर्दै अन्तिम काजकिरिया सक्नेसम्म गर्ने, अवस्था अत्यन्तै बिपन्न नागरिकको घरमा मृत्यु भएमा काजकिरिया खर्च समेत उपलब्ध गराउने व्यवस्थापन गर्ने निर्णय भएको वडाध्यक्ष नवीन कार्कीले जानकारी दिए ।

बैठकले वडास्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्ने निर्णय गरेको छ भने सोको लागि वडाभित्र रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दल, नागरिक समाज, समाजसेवी, भूमि सम्बन्धी विज्ञहरूसँग आगामी साउन २५ गते २ बजे वडा कार्यलयमा बैठक बस्ने जनाइएको छ ।

सोही बैठकले वडाभित्र रहेका सम्पूर्ण विद्यालय, हाट बजार, धार्मिक संघ-संस्थाहरुका सार्वजनिक जग्गाहरुको क्षेत्रफल विवरण संकलन गरेर सार्वजनिक जग्गाको संरक्षण गर्ने निर्णय पनि गरेको छ ।

त्यसैगरी, जनतालाई सूचनाको हक सुनिश्चित गर्नका लागि वडा कार्यालयबाट सार्वजनिक हुने हरेक सार्वजनिक महत्वका सूचनाहरुमा पारदर्शिता बनाउन वा जनतासम्म पुऱ्याउनको लागि सोमबारे, मंगलबारे, शुक्रबारे र मिलनचोकमा सूचना पाटी स्थापना गर्ने निर्णय समेत भएको वडाध्यक्ष कार्कीले जानकारी दिए ।

# किशोरी सशक्तिकरण समूह गठन




**दुहागढी, साउन २४।** मेचीनगर-१४ दुहागढीस्थित बाल सुबोधिनी माध्यमिक विद्यालयमा लक्ष्मी राजवंशीको संयोजकत्वमा किशोरी सशक्तिकरण समूह गठन भएको छ ।

माध्यमिक तहमा अध्ययनरत् छात्राहरुको भेलाबाट गठित समूहको सह-संयोजक सालेहा खातुन, सचिव रिङ्कु खड्का, सह-सचिव अनु सुबेदी र कोषाध्यक्षमा अप्सना सुब्बा चयन भएका छन् । त्यस्तै २५ सदस्यीय समूहको सदस्यहरुमा आश्था सुबेदी, अञ्जु रायमाझी, सरिष्मा सेवा, भीमादेवी थापा, बन्दना लिम्बू लगायत रहेका छन् । समूहको परिचालनका लागि फोकल शिक्षकमा इन्दिरा गौतम चयन भएकी छन् ।

सन् २०२५ सम्म प्रदेशलाई बाल विवाहमुक्त प्रदेश घोषणा गर्ने प्रदेश १ सरकारको कार्यक्रम अनुसार मेचीनगर नगरपालिका शिक्षा शाखा मार्फत् विद्यालय छनोट भएको हुँदा विद्यालयस्तरबाट सचेतना कार्यक्रम सञ्चालन गर्न समूह गठन गरिएको हो ।

विद्यालयका प्रधानाध्यापक विश्व थापाको सभापतित्वमा सम्पन्न कार्यक्रममा समूह गठनको प्रक्रिया सम्बन्धमा शिक्षक पदमप्रसाद मिश्रले सहजीकरण गरेका थिए ।


## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

## लोकल खाजा घर

काँकरभिट्टा-६ काली खोला छेउ, फलामे पुल
प्रोपाइटरः लक्ष्मी थिङ तामाङ

हाम्रा सेवाहरुः
- यहाँ लोकल कुखुराको मासु ।
- खसीको मासु, माछा, ब्रोइलरको मासु ।
- सुकुटी तथा मासुका अन्य परिकारका साथै ढिँडोका आइटम, कोदो, फापर, गहुँ, मकैको ढिँडो स्वाद अनुसार अर्डर बमोजिम तयार गरिन्छ । झोल मःमः, फ्राई राइस साथै सबै प्रकारका पेय पदार्थहरु पाइन्छ ।

यहाँ खाना पनि अर्डर बमोजिम बनाइन्छ ।
मो. ९८६२६९६४४१, ९८२४९६४०७७

## कर्मचारी आवश्यकता

पदः P.R.O. कार्यालय सहायक
संख्याः १० जना (महिला/पुरुष)
योग्यताः एसएलसी पास वा +२
तलबः १५१,००।–सम्म
नोटः सञ्चयकोष र बोनसको व्यवस्था छ ।

सम्पर्क :
**ग्रेट फ्युचर कम्पनी**
भद्रपुर रोड, बिर्तामोड
मो. ९८१४३९७३४०

## VACANCY ANNOUNCEMENT

Post: **Public Relation**
- Traning Officer
- Assistant Manager

**Salary: Negotiable**
Time: 10 A.M. TO 4:00 PM
**Qualification:**
See, +2, MBS, MBA
Birtamode, Jhapa
9866672579, 9801615396

## होटल बिक्रीमा

बिर्तामोडस्थित चालू अवस्थामा रहेको मःमः उद्योग तथा होटल तु–बिक्रीमा छ ।
सम्पर्क : ९८०४९३७३९६
९८५२६३७३९६

## VACANCY ANNOUNCEMENT

JIM'S MOTEL
Wanted an Experienced male chef & female Waiter at **jim's Motel** Dankshin satali west Bengal .
Salary: Negotibale
**Mob: +917896909619 & +976003312994**

## धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस

## हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई

सम्पर्कः
9808705206
9863983668
9807930740
9827930240




## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५




दमक सम्पर्कः
**देवी सिटौला**
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।


## बिर्तामोड नगरपालिका

### सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना



जेष्ठ नागरिक | एकल महिला | अशक्त/अपाङ्ग | लोपोन्मुख जाति | बालबालिका

सामाजिक सुरक्षा नियमावली २०७६ (पहिलो संशोधन) को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७९ श्रावण १ गते देखि कार्तिक मसान्तभित्रमा सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन सम्बन्धीत सबैमा सूचित गरिन्छ । साथै २०७९ भाद्र मसान्त भित्र नाम नविकरण गर्ने लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ताको पहिलो त्रैमासिक किस्ता २०७९ आश्विन महिनामा र आश्विन र कात्तिक महिनामा नविकरण गर्ने लाभग्राहीहरुको पहिलो किस्ता मंसिरमा मात्र निकासा हुने हुँदा असोज महिनामै भत्ता लिनका लागी २०७९ भाद्र मसान्त भित्रै नविकरण गरिसक्नु हुन जानकारी गराइन्छ । बालबालिका, पूर्ण अपाङ्गता, ९० वर्षमाथीका लाभग्राहीहरुको हकमा संरक्षक र आफै उपस्थित हुन नसक्नेको हकमा नेपाल मेडिकल काउन्सिल (NMC Register) डक्टरले प्रमाणित गरेको पत्र मार्फत संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

**नोट : तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**

### आवश्यक कागजातहरु

- नागरिकता प्रमाण पत्रको फोटोकपी
- पासपोर्ट साइजको १ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हकमा जन्म दर्ताको फोटोकपी र संरक्षकको नागरिकताको फोटोकपी
- असहाय एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको फोटोकपी र अर्को विवाह नगरेको प्रमाण
- अपाङ्गताको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको फोटोकपी

**बिर्तामोड नगरपालिका**
**राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण शाखा**


## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५३०१२३, ९८०३१५४६१९)


## PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

### शाखा कार्यालय बिर्तामोड, झापाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०७९/०४/२५ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय बिर्तामोड, झापाबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणी र जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानीकर्ताहरू तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको चल-अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र जमानीकर्ताहरूको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

**नाम : नोभेम्वर विक्रम नेम्वाङ**
बाबु : मदन विक्रम नेम्वाङ
बाजे : खड्ग बहादुर नेम्वाङ
ठेगाना : अर्जुनधारा न.पा.-३, झापा
ना.प्र.प.नं. : ४०४११३६९, झापा



**व्यक्तिगत जमानतकर्ताहरू**

**नाम : द्रुपदा देवि नेम्वाङ्ग**
पति : मदन विक्रम नेम्वाङ
ससुरा : खड्ग बहादुर नेम्वाङ
ठेगाना : खुदुनाबारी गा.वि.स.-९, झापा
ना.प्र.प.नं. : १११, झापा




**नाम : चन्द्रकला लिम्बु**
पति : नोभेम्वर विक्रम नेम्वाङ
ससुरा : मदन विक्रम नेम्वाङ
ठेगाना : दुवागढी गा.वि.स.-४, झापा
ना.प्र.प.नं. : ०४१००६/५४३, झापा



**नाम : मदन विक्रम नेम्वाङ**
बाबु : खड्ग बहादुर नेम्वाङ
बाजे : मन प्रसाद नेम्वाङ
ठेगाना : खुदुनाबारी गा.वि.स.-९, झापा
ना.प्र.न. : ४०४१०६४४, झापा



*यो सुचना मिति २०७९/०४/२५ गते काठमाण्डौबाट प्रकाशित नयाँ पत्रिका राष्ट्रिय दैनिकमा समेत प्रकाशित गरिएको छ ।



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** धार्मिक यात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रु माथि विजय प्राप्तिको योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आजको दिन त्यति अनुकूल रहेको छैन, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, स्वास्थ्यको विशेष ध्यान दिनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योग रहेको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, आजको दिनबाट प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तिको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनु होला, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, आज इष्टमित्रले साथ दिने छन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले धप उर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।